# रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : रेल्वेकोविकास र विस्तार गर्न तथा सुरक्षित, नियमित, भरपर्दो र प्रभावकारी रूपमा रेल्वे सेवाको सञ्चालन गर्ने, गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "रेल्वे ऐन, २०७६" रहेको छ।

(२) योऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-,

(क) "अधिकारपत्र" भन्नाले दफा २८ को उपदफा (२) बमोजिम जारी गरिएको यात्रा अधिकारपत्र सम्झनु पर्छ।

(ख) "कार्यकारी समिति" भन्नाले दफा ९ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "भाडा तथा शुल्क (ट्यारिफ) किताब" भन्नाले दफा १९ बमोजिमको रेल्वेको भाडा तथा शुल्क (ट्यारिफ) किताब सम्झनु पर्छ ।

(घ) "ढुवानी" भन्नाले रेलद्वारा गरिने यात्रीगुण्टा वा मालसामानको ढुवानी सम्झनु पर्छ।

(ङ) "ढुवानी शुल्क" भन्नाले यात्रीगुण्टा वा मालसामानको ढुवानीमा लगाइएको शुल्क सम्झनु पर्छ र सो शब्दले मालसामानलोड, अनलोड वा स्थानान्तरण गर्दा कुनै शुल्क लाग्ने भएमा सो शुल्कलाई समेत जनाउँछ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममातोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "प्रापक (कन्साइनी)" भन्नाले रेल्वे रसिदमा प्रापक भनी जनिएको व्यक्ति सम्झनु पर्छ ।

(ज) "प्रेषक (कन्साइनर)" भन्नाले रेल्वे रसिदमा प्रेषक भनी जनिएको व्यक्ति सम्झनु पर्छर सो शब्दले प्रेषकको रुपमा ढुवानीका लागि बोर्डलाई मालसामान जिम्मा लगाउने व्यक्तिलाई समेत जनाउँछ ।

(झ) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल रेल्वे बोर्ड सम्झनु पर्छ ।

(ञ) "भाडा" भन्नाले यात्रीलाई रेल्वे सेवा उपलब्ध गराए बापत लिइने भाडा रकम सम्झनुपर्छ ।

(ट) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनु पर्छ।

(ठ) "मालसामान" भन्नाले कन्टेनर, प्यालेट, जीवजन्तु वा अन्य कुनै मालवस्तु सम्झनु पर्छ र सो शब्दले कुनै जीवजन्तु वा मालवस्तुलाई एकत्रित गरी ढुवानी गर्नको लागि प्रयोग गरिने यस्तै प्रकारका साधन वा संयन्त्रलाई समेत जनाउँछ ।

(ड) "यात्री" भन्नाले टिकट वा अधिकारपत्र लिई रेलको माध्यमबाट यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ढ) "यात्रीगुण्टा" भन्नाले यात्राको सिलसिलामा यात्रीले आफैसँग लगेको मालसामान सम्झनु पर्छ र सो शब्दले दर्ता गरी बोर्डलाई जिम्मा लगाइएको यात्रीगुण्टालाई समेत जनाउँछ।

(ण) "रेल" भन्नाले यन्त्रको सहायताबाट लिकमा चल्ने सार्वजनिक सवारी साधन सम्झनु पर्छ र सो शब्दले मेट्रो रेल तथामोनो रेललाई समेत जनाउँछ।

(त) "रेल्वे" भन्नाले यात्रीको आवतजावत गर्न वा यात्रीगुण्टा वा मालसामानको ढुवानी गर्ने रेल वा त्यसको कुनै भाग सम्झनुपर्छ र सो शब्दले देहायका वस्तु, संयन्त्र, संरचना वा साधनलाई समेत जनाउँछः-

(१) रेल्वेसँग सम्बन्धित जमिन, रुख, सिमाना जनाउने चिन्ह, पर्खाल,

(२) लिक वा त्यस्तो लिकको कुनै हिस्सा र सो लिक माथि चल्ने रेल, इन्जिन र तत्सम्बन्धी सबै सामान,

(३) रेल्वेको प्रयोजनको लागि प्रयोग गरिने साइडिङ्ग, यार्ड र शाखा,

(४) रेल्वेको प्रयोजनको लागि प्रयोग गरिने सबै किसिमका विद्युत आपूर्ति र वितरणको लागि निर्माण गरिएको संयन्त्र,

(५) रेल्वेको प्रयोजनको लागि निर्माण गरिएका रोलिङ्ग स्टक, स्टेशन, कार्यालय, गोदाम, कार्यशाला, अस्पताल, सुरक्षा गृह, कारखाना, यन्त्र तथा औजार, सडक तथा गल्ली, निरीक्षण कोठा, विश्राम गृह, पानीधारा, पानी आपूर्ति यन्त्र, कर्मचारी आवास, यात्रु भोजन गृह, कर्मचारीका परिवारका लागि स्थापना गरिएका स्कूल र अन्य निर्माण संरचना,

(६) कुनै सडकमा रेल्वेको प्रयोजनको लागि प्रयोगमा ल्याइएका सबै सवारी साधन ।

(थ) "रेल्वे प्रशासक"भन्नाले दफा ६१ बमोजिम नियुक्त भएको रेल्वे प्रशासक सम्झनु पर्छ ।

(द) "रेल्वे रसिद" भन्नाले बोर्डले ढुवानीको लागि मालसामान स्वीकार गरेपछि जारी गर्ने रसिद सम्झनुपर्छ ।

(ध) "रेल्वे स्टेशन"भन्नाले रेल रोकिएर यात्रु तथा मालसामान ओराल्ने र चढाउने स्थान सम्झनु पर्छ ।

(न) “विलम्ब शुल्क” भन्नाले रेल्वेभित्रको कुनै ठाउँमा मालसामान राख्न दिइएको समय व्यतित भए पछि सो मालसामान राखे बापत लाग्ने शुल्क सम्झनु पर्छ।

(प) “विवरणपत्र (फवार्डिङ्गनोट)” भन्नाले मालसामानको ढुवानीको लागि दफा ४३ बमोजिम निर्धारण गरिएको विवरणपत्र सम्झनु पर्छ ।

(फ) “स्टेशन प्रमुख” भन्नाले स्टेशनको प्रमुख भई काम गर्न तोकिएको बोर्डको कर्मचारी सम्झनु पर्छ ।

## परिच्छेद–२

## बोर्डको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. बोर्डको स्थापनाः (१) रेल्वेको विकास र विस्तार गरी सुरक्षित, नियमित, भरपर्दो, स्तरीय र प्रभावकारी रुपमा रेल्वे सेवा सञ्चालन गर्ने, गराउने काम समेतको लागि नेपाल रेल्वे बोर्ड स्थापना गरिएको छ ।

(२) बोर्डको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र बोर्डले आवश्यकता अनुसार नेपालभित्र शाखा कार्यालय वा अन्य कार्यालय खोल्न सक्नेछ ।

४. बोर्ड स्वशासित र संगठित संस्था हुनेः (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारवाहीको निमित्त यसको एउटा छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) बोर्डले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. बोर्डको गठनः (१) बोर्डमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्:-

(क) भौतिक पूर्वाधार तथा यातायात मन्त्री वा राज्यमन्त्री-अध्यक्ष

(ख) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सचिव, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ङ) सचिव, गृह मन्त्रालय - सदस्य

(च) सचिव, मन्त्रालय - सदस्य

(छ) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-सदस्य

(ज) कम्तीमा पाँच बर्षको अनुभव भएका चार्टर्ड एकाउन्टेन्ट वा मान्यताप्राप्त शिक्षण संस्थाबाट बाणिज्य वा ब्यवस्थापन

विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेकार सम्बन्धित क्षेत्रमा कम्तीमा दश  बर्षको अनुभव हासिल गरेका ब्यक्तिहरु मध्येबाट नेपाल सरकारले मनोनयन गरेको एक जना - सदस्य

(झ) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ् विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्णगरेका र  सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेका इन्जिनियरहरु मध्येबाट नेपाल सरकारलेमनोनयन गरेका एक जना महिला सहित दुईजना - सदस्य

(ञ) रेल्वे प्रशासक -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ज) र (झ) बमोजिममनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, बोर्डको हित विपरीत कुनै काम गरेमा, खराब आचरणमा लागेमा वा कार्य क्षमताको अभाव भएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिव मौकाबाट वञ्चित गरिने छैन।

(५) बोर्डको मनोनीत सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र मनोनयन गरी रिक्त स्थानको पूर्ति गरिनेछ।

६. बोर्डको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) रेल्वे तथा रेल्वे सेवा सम्बन्धी नीति निर्माण गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) बोर्डको बार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) बोर्ड अन्तर्गत सञ्चालित योजना तथा कार्यक्रम अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,

(घ) रेल्वे सम्बन्धी काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्ने,

(ङ) कार्यकारी समितिबाट पेश भएका प्रस्ताव उपर छलफल गरी स्वीकृत गर्ने,

(च) बोर्डको विनियम बनाउने,

(छ) बोर्डको निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्ने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

७. बोर्डको  बैठक र निर्णय : (१) बोर्डको बैठक छ महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) बोर्डको सदस्य-सचिवले बैठकमा छलफल हुने विषयको सूची बैठक बस्नु भन्दा कम्तीमा चौवीस घण्टा अगावै सबैसदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) बोर्डको कुल सदस्य सङ्ख्याको कम्तीमाएकाउन्नप्रतिशत सदस्यहरु उपस्थित भएमा बोर्डको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) बोर्डको बैठकको अध्यक्षता बोर्डको अध्यक्षले र निजको अनुपस्थितिमा बोर्डकासदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) बोर्डले बोर्डको कामसँग सम्बन्धित कुनै विज्ञलाई बोर्डको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) बोर्डको निर्णय बोर्डको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी सदस्य-सचिवले सुरक्षित साथ राख्नु पर्नेछ ।

(९) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) बोर्डको अध्यक्ष तथा सदस्यले बोर्डको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

८. बैठकमा भाग लिन नपाउनेः बोर्डको बैठकमा छलफल हुने कुनै विषयमा निजी स्वार्थ भएको बोर्डको अध्यक्ष र सदस्यले सो विषयमा हुने बैठकमा भाग लिन पाउने छैन ।

## परिच्छेद-३

## कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

९. कार्यकारी समितिः (१) यस ऐनमा अन्यत्र उल्लेखित भएकोमा बाहेक बोर्डको तर्फबाट सम्पूर्ण काम गर्नको लागि एक कार्यकारी समिति रहनेछ ।

(२) कार्यकारी समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्ः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सह-सचिव, अर्थ अन्त्रालय - सदस्य

(ग) सह-सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(घ) सह-सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय-सदस्य

(ङ) सह-सचिव, गृह मन्त्रालय - सदस्य

(च) सह-सचिव,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(छ) सहसचिव, मन्त्रालय - सदस्य

(ज) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेका र सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेका इन्जिनियरहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना - सदस्य

(झ) रेल्वे प्रशासक -सदस्य-सचिव

(३) दफा (२) को खण्ड (ज) बमोजिममनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, बोर्डको हित विपरीत हुने कुनै काम गरेमा, निज खराब आचरणमा लागेमा वा निजमा कार्य क्षमताको अभाव भएमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौकाबाट वञ्चित गरिने छैन्।

(५) कार्यकारी समितिमा मनोनीत सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि मनोनयन गरी रिक्त स्थानको पूर्ति गरिनेछ ।

१०. <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः</u> कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) रेल्वे तथा रेल्वे सेवा सम्बन्धी नीति तर्जुमा गरी स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्ने,

(ख) बार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी बोर्डसमक्ष पेश गर्ने,

(ग) बोर्डको विनियमको मस्यौदातर्जुमा गरी बोर्ड समक्ष पेश गर्ने,

(घ) रेल्वे प्रशासकबाट प्राप्त भएका प्रस्ताव मध्ये बोर्डमा पेश गर्नुपर्ने प्रस्ताव स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्ने,

(ङ) बोर्डबाट भएको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(च) रेल्वेको प्रयोजनको लागि जमिन, जमिनमाथि वा जमिनमुनी कुनै भवन, गोदाम, यार्ड, स्टेशन, टनेल, उपकरण, सडक, रेल्वे लाइन वा आवश्यक अन्य संरचना बनाउने वा निर्माण गर्ने, गराउने,

(छ) रेल्वेको प्रयोजनको लागि नदी, खहरे वा अन्य कुनै पानीको प्रवाह माथि वा मुनी पुलवाट रेलनिर्माण वा मर्मत गर्ने वा रेल्वेको तल, माथी वा छेउवाट कुनै सडक, गल्ली वा बाटो लैजानको लागि त्यस्ता नदी, खोला, खहरे वा पानीको प्रवाह वा सडक, गल्ली वा बाटो परिवर्तन गर्ने वा अर्को तर्फबाट लैजाने सम्बन्धी काम गर्ने, गराउने,

(ज) रेल्वेको कामसँग सम्बन्धित विद्युतयन्त्र, विद्युत आपूर्ति र वितरणको लागि कुनै संरचना निर्माण, सञ्चालन वा मर्मत गर्ने, गराउने,

(झ) रेल्वेको प्रयोजनको लागि कुनै संरचना, टेलिफोन लाइन तथा अन्य सुविधा निर्माण वा परिवर्तन गर्ने तथा हटाउने वा प्रतिस्थापन गर्ने, गराउने,

(ञ) रेल्वे सञ्चालनसँग सम्बन्धित निर्माण, मर्मतसम्भार, सुधारको लागि आवश्यक पर्ने अन्य कार्य गर्ने, गराउने,

(ट) बोर्डबाट प्रत्यायोजित वा निर्देशित काम कारवाही गर्ने, गराउने,

(ठ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

११. <u>कार्यकारी समितिको बैठक र निर्णयः</u> (१) कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(२) कार्यकारी समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषयको सूची बैठक बस्नु भन्दा कम्तीमा चौवीस घण्टा अगावै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) कार्यकारी समितिको कुल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) कार्यकारी समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा सो समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(५) कार्यकारी समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) कार्यकारी समितिलेसम्बन्धित विषयको कुनै विज्ञलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(७) कार्यकारी समितिको निर्णय अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी सदस्य-सचिवले सुरक्षित साथ अभिलेख गरी राख्नुपर्नेछ।

(८) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(९) कार्यकारी समितिको अध्यक्ष तथा सदस्यहरुले बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउने छन्।

१२. <u>बैठकमा भाग लिन नपाउनेः</u> कार्यकारी समितिको बैठकमा छलफल हुने कुनै विषयमा निजी स्वार्थ भएको कार्यकारी समितिको अध्यक्ष वा सदस्यले सो विषयमा हुने बैठकमा भाग लिन पाउने छैन ।

१३. <u>उपसमिति गठन गर्न सक्नेः</u> (१) कार्यकारी समितिले यस ऐन बमोजिम आफ्नो कार्यसञ्चालन गर्नको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्य सञ्चालन कार्यविधि कार्यकारी समितिले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद-४

नेपाल सरकारको अधिकार

१४. आदेश वा निर्देशन दिन सक्नेः (१) नेपाल सरकारले रेल्वे तथा रेल्वे सेवा सञ्चालन गर्ने सम्बन्धमा बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) रेल्वेको कुनै सम्पत्ति नोक्सान भएको, हुन लागेको वा त्यस्तो सम्पत्ति उपभोग गर्नमा अवरोध उत्पन्न भएको देखिएमा नेपाल सरकारले त्यस्तो कार्य रोक्न बोर्ड, कुनै व्यक्ति, संस्था वा निकायलाई आदेश दिनसक्नेछ ।

(३) बोर्डले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा वा गर्न लागेमानेपाल सरकारले त्यस्तो काम रोक्न आदेश दिन सक्नेछ ।

(४) नेपाल सरकारले सार्वजनिक हितलाई ध्यानमा राखी आवश्यक देखेमा यस ऐन बमोजिम बोर्डले दिएको कुनै आदेश पूर्ण वा आंशिक रुपमा बदर गर्न सक्नेछ ।

(५) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी बोर्डलाई तिर्नु बुझाउनु पर्ने कुनै वा सबै भाडा मध्ये तोकिएको अवस्थामा त्यस्तो भाडा कुनै खास व्यक्ति वा वर्गले तिर्नु बुझाउनु नपर्ने गरी छुट दिन सक्नेछ ।

१५. विदेशी भूमिमा रेल्वे सेवा सञ्चालनः (१) नेपाल सरकारले एक वा एक भन्दा बढी विदेशी राष्ट्रको भूमिसम्म वा विदेशी राष्ट्रले नेपालको भूमिसम्म वा नेपालको भूमि भएर अर्को विदेशी राष्ट्रमा जाने गरी रेल्वे सेवा सञ्चालन गर्ने वा गराउने सम्बन्धमा पारस्परिकताको आधारमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि नेपाल सरकारले सम्बन्धित विदेशी राष्ट्रसँग सम्झौता गरी रेल्वे सेवा सञ्चालनका आधार, शर्त, तरिका तथा कार्यविधि निर्धारण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विदेशी राष्ट्रसँग सम्झौता भई विदेशी राष्ट्रको रेल्वे सेवा नेपालभित्र सञ्चालन हुने भएमा सो रेल्वे सेवा नेपालभित्र सञ्चालन हुँदाका बखत प्रचलित नेपाल कानूनको व्यवस्था लागू हुनेछ ।

१६. सुरक्षा इकाई गठन गर्न सक्नेः (१) बोर्डले अनुरोध गरेमा नेपाल सरकारले रेल्वेको सुरक्षाको लागि छुट्टै सुरक्षा इकाई गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुरक्षा इकाई गठन नभएसम्म नेपाल सरकारले रेल्वेको सुरक्षाको व्यवस्था गर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन हुने सुरक्षा इकाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## रेल्वेको जाँच तथा भाडा निर्धारण

१७. रेल्वे सञ्चालन गर्न जाँचबुझ गराउनु पर्नेः बोर्डले रेल्वे सञ्चालन गर्न प्राविधिक तथा सुरक्षाको दृष्टिकोणले उपयुक्त भए वा नभएको सम्बन्धमा विशेषज्ञद्वारा समय समयमा आवश्यक जाँचबुझ गराउनु पर्नेछ।

१८. भाडा तथा शुल्क तोक्नेः (१) बोर्डले यात्रीको भाडा र यात्रीगुण्टा, मालसामानको ढुवानी तथा विलम्ब शुल्क तोक्नेछ।

(२) उपदफा (१) बमोजिम बोर्डले विलम्ब शुल्क लाग्ने अवस्था तोकी सो प्रयोजनको लागि वस्तुको वर्गीकरण गर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिने भाडा र शुल्क सम्बन्धी विवरण भाडा तथा शुल्क (ट्यारिफ) किताबमा उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम भाडा तथा शुल्क तोक्ने आधार तोकिए बमोजिम हुनेछ ।

१९. भाडा तथा शुल्क (ट्यारिफ) किताबको व्यवस्थाः बोर्डले भाडा तथा शुल्क सम्बन्धी व्यवस्थालाई नियमित र व्यवस्थित गर्न भाडा तथा शुल्क (ट्यारिफ) किताबको व्यवस्था गर्नेछ ।

२०. समय तालिका र भाडाको दर सार्वजनिक गर्नु पर्नेः बोर्डले रेल आइपुग्ने तथा प्रस्थान गर्ने समय तालिका र एउटा स्टेशनबाट अर्को स्टेशनसम्म पुग्न लाग्ने भाडा दर सम्बन्धित यात्रीको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

## परिच्छेद-६

## चालक अनुमतिपत्र सम्बन्धी

२१. अनुमतिपत्र नलिई रेल चलाउन नहुनेः कसैले रेल चालक वा सहचालक अनुमतिपत्र प्राप्त नगरी रेल चलाउन हुँदैन।

२२. रेल चालक वा सहचालकको अनुमतिपत्रः (१) रेल चालक वा सहचालकको अनुमतिपत्र लिन चाहने व्यक्तिले तोकिएको विवरण खुलाई रेल्वे प्रशासक समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा रेल चालक वा सहचालकको अनुमतिपत्र दिन उपयुक्त देखेमा रेल्वे प्रशासकले तोकिए बमोजिम रेल चालक वा सहचालकको अनुमतिपत्र दिनेछ।

(३) रेल चालक वा सहचालकको अनुमतिपत्र तथा नवीकरण दस्तुर, खारेजी र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. रेल चालक वा सहचालकको योग्यताः (१) रेल चालक वा सहचालकको अनुमतिपत्र प्राप्त गर्न देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) कम्तीमा माध्यमिक तह (दश जोड दुई) वा सो सरह उत्तीर्ण गरेको,

(ख) बोर्डबाट मान्यता प्राप्त प्रशिक्षण संस्थाबाट रेल चलाउन योग्य भएको प्रमाणपत्र प्राप्त गरेको,

(ग) रेल चालकको हकमा कम्तीमा पाँच वर्ष सहचालकको रुपमा काम गरेको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै व्यक्तिले रेल चालक वा सहचालकको अनुमतिपत्र प्राप्त गर्न सक्नेछैनः-

(क) रेल चालकको हकमा पच्चीस वर्ष र सहचालकको हकमा बीस वर्ष उमेर नपुगेको र पचास वर्ष उमेर पूरा भएको,

(ख) छारे रोग भएको, मानसिक असन्तुलन वा रिङ्गटा लाग्ने वा अचानक मुर्छा हुने किसिमको रोग लागेको,

(ग) आँखाको देख्ने शक्ति कमजोर भई चस्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको,

(घ) साधारण ध्वनी, संकेत वा आवाज सुन्न नसक्ने गरी सुनाई सम्बन्धी अपाङ्गता भएको,

(ङ) रातो, हरियो, पहेलो जस्ता रङ्गहरु तुरुन्त छुट्याउन नसक्ने गरी दृष्टिदोष भएको,

(च) रतन्धो भएको,

(छ) हात वा खुट्टा शक्तिहिन भई काम दिन नसक्ने भएको।

२४. रेल चालक वा सहचालकको अनुमतिपत्र प्राप्त गर्न पेश गर्नु पर्ने कागजातः रेल चालक वा सहचालकको अनुमतिपत्र प्राप्त गर्न देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) बोर्डबाट मान्यता प्राप्त प्रशिक्षण संस्थाबाट रेल चलाउन योग्य भएको प्रमाणपत्रको प्रतिलिपि,

(ग) नेपाल सरकारद्वारा मान्यताप्राप्त चिकित्सकले निजको स्वास्थ्य परीक्षण गरी दिएको निरोगिताको प्रमाणपत्र,

(घ) तोकिए बमोजिमका अन्य कागजात ।

२५. अन्य व्यक्तिलाई अनुमतिपत्र दिन नहुनेः रेल चालक वा सहचालकले रेल चलाउनको निमित्त आफ्नो अनुमतिपत्र अन्य व्यक्तिलाई दिनु हुँदैन ।

२६. मादक वा अन्य लागू पदार्थ सेवन गरी रेल चलाउन नहुनेः रेल चालक र सहचालकले मादक वा अन्य कुनै प्रकारको लागू पदार्थ सेवन गरी रेल चलाउनु हुँदैन।

## परिच्छेद-७

## टिकट तथा अधिकारपत्र सम्बन्धी

२७. टिकट वा अधिकारपत्र विना यात्रा गर्न नहुने: कसैले टिकट वा अधिकारपत्र नलिई रेल्वे प्लेट फर्ममा प्रवेश गर्न वा रेलबाट यात्रा गर्नु हुँदैन ।

२८. टिकट वा अधिकारपत्र जारी गर्ने: (१) रेलबाट यात्रा गर्न चाहने व्यक्तिलाई यात्रा बापतको भाडा तिरेपछि बोर्डले तोकेको ढाँचामा टिकट जारी गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले कुनै व्यक्तिले रेलबाट यात्रा गर्न भाडा तिर्नु नपर्ने गरी तोकिए बमोजिम अधिकारपत्र जारी गर्न सक्नेछ।

(३) यात्रीले रेलबाट यात्रा गर्न लाग्ने भाडा तिरी टिकट खरीद गर्न वा सो प्रयोजनको लागि अधिकारपत्र प्राप्त गर्नु पर्नेछ ।

(४) बोर्डले यात्रीको सुविधाको लागि रेल्वे स्टेशनमा अटोमेटिक टिकट भेण्डिङ मेसिन स्थापना गरेको भए यात्रीले गन्तव्य स्टेशन सम्मको लाग्ने भाडा तिरी त्यस्तो मेशिनबाट टिकट लिन सक्नेछ ।

२९. यात्राको लागि इन्कार गर्न सकिने: (१) बोर्डले देहायको अवस्थाका कुनै व्यक्तिलाई रेलबाट यात्रा गर्नको लागि इन्कार गर्न सक्नेछः-

(क) सरुवा रोग लागेको,

(ख) मानसिक सन्तुलन ठीक नभएको,

(ग) नसा लागेको अवस्थामा रहेको,

(घ) शंकास्पद हतियारधारी,

(ङ) रेलबाट यात्रा गर्दास्वास्थ्यमा प्रतिकूल असर पर्ने भनी चिकित्सकले सिफारिस गरेको,

(च) रेल्वेको सम्पत्ति नोक्सानी गर्ने वा यात्रामा अवरोध पुऱ्याउने शंकास्पद क्रियाकलाप देखिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले आवश्यकता अनुसार सरुवा रोग लागेको, मानसिक सन्तुलन ठीक नभएको वा नसा लागेको व्यक्तिलाई अरु व्यक्तिबाट अलग्गै राखी यात्रा गर्न अनुमति दिन सक्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित कुनै व्यक्तिले बोर्डलाई झुक्याई टिकट वा अधिकारपत्र लिएको, रेलमा प्रवेश गरेको वा यात्रा गरेको पाइएमा टिकट जाँचकीले निजको टिकट वा अधिकारपत्र रद्द गर्न वा निजलाई जुनसुकै बखत रेलबाट ओराल्न सक्नेछ ।

३०. तोकिएको बाटो प्रयोग गर्नु पर्ने: यात्रीले बोर्डद्वारा तोकिएको बाटोबाट मात्र आवत जावत गर्नु पर्नेछ ।

३१. <u>टिकट रद्द तथा रकम फिर्ता</u>ः टिकट रद्द गर्ने तथा रद्द गरिएको टिकटको भाडा वापतको रकम फिर्ता गर्ने सम्बन्धी व्यवस्था भाडा तथा शुल्क (ट्यारिफ) किताबमा उल्लेख गरे बमोजिम हुनेछ।

३२. <u>टिकट तथा अधिकारपत्र जाँच गर्ने</u>ः (१) बोर्डले रेलमा यात्रा गर्ने कुनै व्यक्तिले टिकट वा अधिकारपत्र प्रयोग गरी यात्रा गरे वा नगरेको सम्बन्धमा जाँच गर्न टिकट जाँचकीको व्यवस्था गर्नेछ ।

(२) यात्रीले यात्रा शुरु भएदेखि अन्त्य नभएसम्म टिकट वा अधिकारपत्र आफ्नो साथमा राख्नु पर्नेछ र टिकट जाँचकीले मागेको बखत त्यस्तो टिकट वा अधिकारपत्र तुरुन्त देखाउनु पर्नेछ ।

(३) विदेशीले यात्रा गर्दा टिकट वा अधिकारपत्रको अतिरिक्त राहदानी वा यात्रा अनुमतिपत्र (ट्राभल डकुमेन्ट) समेत आफ्नो साथमा राख्नु पर्नेछ ।

३३. <u>भाडा असूल गर्ने</u>ः (१) टिकट जाँचकीले देहायको अवस्थामा रेलबाट यात्रा गर्ने व्यक्तिसँग भाडा बापत देहाय बमोजिमको रकम र टिकट वा अधिकारपत्र नलिए बापत लाग्ने भाडा बरावरको थप रकम तत्काल असूल गर्नेछ :-

(क) कुनै व्यक्तिले टिकट वा अधिकारपत्र नलिई वा प्रयोग भइसकेको टिकट वा अधिकारपत्र प्रयोग गरी यात्रा गरेको देखिएमा निजले यात्रा प्रारम्भ गरेको ठाउँदेखि निजको गन्तव्यसम्मको लाग्ने भाडा,

(ख) कुनै व्यक्तिले टिकट वा अधिकारपत्रमा उल्लिखित श्रेणीभन्दा माथिल्लो श्रेणीमा यात्रा गरेको देखिएमा निजले तिर्नु पर्ने वास्तविक भाडा मध्ये निजले तिरेको वा अधिकारपत्र बमोजिम सुविधा पाएको भाडा कटाई बाँकी भाडा।

(२) कुनै यात्रीले उपदफा (१) बमोजिम पूरा रकम टिकट जाँचकीलाई बुझाउन नसकेमा टिकट जाँचकीले निजलाई जुनसुकै बखत रेलबाट ओराल्न सक्नेछ ।

(३) कुनै यात्रीले उपदफा (१) बमोजिमको पूरा रकम टिकट जाँचकीलाई नबुझाएमा वा बुझाउन इन्कार गरेमा टिकट जाँचकीले निजलाई स्टेशनमा ओराली सुरक्षाकर्मीको नियन्त्रणमा राखी सोको लिखित जानकारी स्टेशन प्रमुखलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको लिखित जानकारी जाँचबुझ गर्दा मनासिव देखिएमा स्टेशन प्रमुखले भाडा नतिर्ने व्यक्तिलाई भाडा तथा सो बराबरको थप रकम बुझाउन आदेश गरी पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम स्टेशन प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-८

## यात्री गुण्टाको ढुवानी र क्षतिपूर्ति

३४. यात्रीगुण्टाको ढुवानीः (१) कुनै यात्रीले भाडा तथा शुल्क (ट्यारिफ) कितावमा उल्लेख गरिए बमोजिमको ढुवानी शुल्क तिरी बोर्ड समक्ष यात्रीगुण्टा दर्ता गरी रेलबाट यात्रीगुण्टा ढुवानी गराउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको वस्तु यात्रीगुण्टाको रुपमा ढुवानी गर्न सकिने छैनः-

(क) ढुवानीको लागि प्रचलित कानून बमोजिम प्रतिबन्ध लगाइएका वस्तु,

(ख) खतरनाक पदार्थ वा हानिकारक वस्तु,

(ग) ठूलो आकार भएको वा अत्यधिक गह्रौ वस्तु,

(घ) एक मुलुकबाट अर्को मुलुकमा भन्सार महसुल लाग्ने मालसामान वा वस्तु ढुवानी गर्दा भन्सार महसुल नतिरिएको मालसामान वा वस्तु,

(ङ) तोकिए बमोजिमका जीवजन्तु वा अन्यवस्तु।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यात्रीले तोकिए बमोजिमको ढुवानी शुल्क नलाग्ने गरी छुट दिएका वस्तु ढुवानी शुल्क नतिरी यात्रीगुण्टाको रुपमा आफ्नो साथमा लैजान पाउनेछ ।

(४) उपदफा (१) बमोजिमयात्रीगुण्टा दर्ता गर्दा बोर्डले निर्धारण गरे बमोजिमको ढाँचामा दर्ता रसिद जारी गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम जारी गर्ने दर्ता रसिदमा देहायका कुरा उल्लेख भएको हुनु पर्नेछः-

(क) यात्रीगुण्टाको संख्या र सोको तौल,

(ख) ढुवानीको लागि यात्रीगुण्टा जिम्मा लिएको मिति र समय,

(ग) यात्रीगुण्टा चलान भएको र पुऱ्याउने स्थान वा स्टेशन,

(घ) ढुवानी र शुल्क सम्बन्धी अन्य आवश्यक कुरा ।

(६) कुनै यात्रीले उपदफा (२) को खण्ड (क), (ख) र (ङ) बमोजिमको कुनै बस्तु वा जीवजन्तु लुकाई छिपाई रेलबाट ढुवानी गरेको पाइएमा रेल्वे कर्मचारीले तत्कालै आउने अघिल्लो स्टेशनमा त्यस्ता यात्री र वस्तु वा जीवजन्तु ओराली त्यस्तो वस्तु वा जीवजन्तु ढुवानी गर्ने यात्रीलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित अधिकारप्राप्त अधिकारी समक्ष पठाउनु पर्नेछ ।

३५. यात्रीगुण्टा ढुवानीको लागि इन्कार गर्न सक्नेः दर्ता गरेको यात्रीगुण्टाको कुनै थानको प्याकिङ्ग त्रुटीपूर्ण भएको, राम्रोसँग प्याकिङ्ग नगरिएको वा क्षति भएको स्पष्ट देखिएमा बोर्डले त्यस्तो यात्रीगुण्टा ढुवानीका लागि इन्कार गर्न सक्नेछ ।

३६. बोर्ड जिम्मेवार नहुनेः यात्रीले बोर्ड समक्ष दर्ता नगरी आफ्नो साथमा लगेका यात्रीगुण्टा बोर्डका कर्मचारीको कारणबाट हानि नोक्सानी भएको अवस्थामा बाहेक अन्य कारणले भएको हानि नोक्सानी उपर बोर्ड जिम्मेवार हुने छैन ।

३७. यात्रीगुण्टा सम्बन्धी दायित्वः (१) दर्ता भएको यात्रीगुण्टा ढुवानीको लागि स्वीकार गरिएको समयदेखि हस्तान्तरण नभएसम्म त्यस्तो यात्रीगुण्टा पूर्ण वा आंशिक रुपमा हराएको, क्षति भएको वा हस्तान्तरणमा ढिलाई भएको सम्बन्धमा बोर्ड जवाफदेही हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कारणबाट यात्रीगुण्टा हराएमा, क्षति भएमा वा हस्तान्तरणमा ढिलाई भएमा बोर्ड जवाफदेही हुने छैनः-

(क) यात्रीको गल्तीको कारणले,

(ख) बोर्डको गल्ती भएकोमा बाहेक यात्रीले दिएको आदेशको कारणले,

(ग) पूर्व घोषणा नगरिएका टुटफुट हुन सक्ने यात्रीगुण्टा भएको कारणले,

(घ) प्याकिङ्ग गर्नु पर्ने यात्रीगुण्टा प्याकिङ्ग नगरिएको वा राम्रोसँग प्याकिङ्ग नगरिएको कारणले,

(ङ) बोर्डको काबु बाहिरको परिस्थिति उत्पन्न भई त्यस्तो परिस्थितिबाट बचाउ गर्न नसक्ने कारणले।

(३) उपदफा (२) मा उल्लिखित कुनै कारणबाट यात्रीगुण्टा हराएको, क्षति भएको वा हस्तान्तरण गर्नमा ढिलाई भएको प्रमाण पुऱ्याउने भार बोर्डको हुनेछ ।

३८. यात्रीगुण्टाको हस्तान्तरणः (१) यात्रीले दर्ता रसिद पेश गरी रकम बुझाउन बाँकी भए सो बुझाए पछि मात्र स्टेशन प्रमुखले त्यस्तो यात्रीलाई यात्रीगुण्टा हस्तान्तरण गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै यात्रीले दर्ता रसिद प्रस्तुत गर्न नसकेको अवस्थामा कुनै यात्रीगुण्टा निजको हो भन्ने कुरामा स्टेशन प्रमुख विश्वस्त भएमा निजलाई त्यस्तो यात्रीगुण्टा हस्तान्तरण गर्न सकिनेछ ।

३९. यात्रीगुण्टा हराएको मानिनेः (१) कुनैयात्रीले दर्ता भएको आफ्नो यात्रीगुण्टा पाउनको लागि सम्बन्धित स्टेशन प्रमुख समक्ष अनुरोध गरेको मितिले पन्ध्र दिन भित्र त्यस्तो यात्रीगुण्टा निजलाई हस्तान्तरण नगरेमा वा कुनै अधिकार प्राप्त अधिकारीको जिम्मा नलगाएमा त्यस्तो यात्रीगुण्टा हराएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम हराएको तीस दिनभित्र यात्रीगुण्टा पाइएमा स्टेशन प्रमुखले सम्बन्धित यात्रीलाई तुरुन्त सूचना दिई त्यस्तो यात्रीगुण्टा बुझाउनु पर्नेछ । त्यसरी यात्रीगुण्टा बुझाएकोमा सो यात्रीले यात्रीगुण्टा बापत कुनै क्षतिपूर्ति लिएको भए सो रकम फिर्ता गर्नुपर्नेछ।

(३) यात्रा गरेको मितिले पैतालीस दिनभित्र सम्बन्धित यात्रीले यात्रीगुण्टा माग गर्न नआएमा तोकिएको प्रक्रिया पूरा गरी त्यस्तो यात्रीगुण्टामा बोर्डको स्वामित्व कायम गर्न सकिनेछ।

४०. यात्रीगुण्टा हराए, क्षति भए वा हस्तान्तरण गर्न ढिलाई भए बापतको क्षतिपूर्तिः (१) कुनै यात्रीगुण्टा पूर्ण वा आंशिक रुपमा हराएमा वा क्षति भएमा सो वापत बोर्डले सम्बन्धित व्यक्तिलाई तिर्नु पर्ने क्षतिपूर्ति देहाय बमोजिम हुनेछ :-

(क) यात्रीगुण्टाको मूल्य घोषणा गरी ढुवानी गरेकोमा घोषित मूल्यको आधारमा,

(ख) खण्ड (क) बमोजिम मूल्य घोषणा नगरिएकोमा त्यस्तो यात्रीगुण्टाको गन्तव्य स्थानको प्रचलित बजार मूल्यको आधारमा,

(ग) खण्ड (ख) बमोजिम गन्तव्य स्थानको प्रचलित बजार मूल्य खुल्न नसकेमा त्यस्तो यात्रीगुण्टाको वास्तविक मूल्यको आधारमा ।

(२) उपदफा (१) को खण्ड (ख) वा (ग) बमोजिम मूल्य निर्धारण गर्दा त्यस्तो यात्रीगुण्टा दर्ता गर्दाको अवस्थामा रहेको यात्रीगुण्टाको किसिम र गुणस्तरलाई समेत आधार मानिनेछ ।

(३) कुनै यात्रीगुण्टा हराई वा क्षति भई बोर्डले सोको क्षतिपूर्ति तिर्नु पर्ने भएमा उपदफा (१) मा उल्लिखित क्षतिपूर्ति उपलब्ध गराई हराएको वा क्षति भएको यात्रीगुण्टाको ढुवानी शुल्क र अन्य शुल्क लिएको भए सो समेत फिर्ता गर्नु पर्नेछ ।

(४) कुनै यात्रीगुण्टाको हस्तान्तरण गर्नमा ढिलाई भएको कारणले कुनै नोक्सानी वा क्षति हुन गएमा बोर्डले त्यस्तो यात्रीगुण्टाको क्षति बरावरको रकम सम्बन्धित व्यक्तिलाई तिर्नु पर्नेछ।

(५) कुनै यात्रीगुण्टाको आंशिक क्षति भएको र हस्तान्तरणमा ढिलाई समेत भएकोमा यात्रीगुण्टामा भएको क्षति वा ढिलाईको आधारमा क्षतिपूर्ति दावी गर्न सकिनेछ ।

(६) यात्रीगुण्टा हस्तान्तरण गर्नमा ढिलाई भएमा बोर्डले यात्रीगुण्टाको हस्तान्तरण गर्न जति दिन ढिलाई भएको हो सो दिनदेखि यात्रीगुण्टाको प्रतिकिलो पचास रुपैयाँका दरले हुन आउने रकम क्षतिपूर्ति वापत सम्बन्धित व्यक्तिलाई बुझाउनु पर्नेछ ।

तर त्यस्तो क्षतिपूर्तिको रकम बुझाउनु पर्ने दिन दश दिन भन्दा बढी हुने छैन ।

४१. वास्तविक मूल्यको आधारमा क्षतिपूर्ति दिनु पर्नेः यस परिच्छेदमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता भएको कुनै यात्रीगुण्टा बोर्डको कुनै अधिकारीको वदनियत वा लापरवाहीबाट हराएमा, क्षति भएमा वा हस्तान्तरणमा ढिलाई भएमा बोर्डले यात्रीगुण्टाको वास्तविक मूल्य बराबरको रकम क्षतिपूर्तिको रुपमा सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

४२. यात्रीगुण्टाको क्षतिपूर्तिको लागि निवेदन दिनु पर्ने : (१) यस परिच्छेद बमोजिम क्षतिपूर्ति माग गर्ने व्यक्तिले यात्रीगुण्टा दर्ता गरी ढुवानीको लागि बोर्डलाई जिम्मा लगाएको मितिले पन्ध्र दिनभित्र देहायको कुनै स्थान मार्फत् रेल्वे प्रशासक समक्ष निवेदन दिनु पर्नेछः-

(क) यात्रीगुण्टा जिम्मा लगाइएको रेल्वे स्टेशन,

(ख) यात्रीगुण्टा पुग्नु पर्ने रेल्वे स्टेशन।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र रेल्वे प्रशासकले निर्णय गरिसक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम रेल्वे प्रशासकले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्लाअदालत समक्ष पुनरावेदन दिन सक्नेछ।

परिच्छेद-९

मालसामानको ढुवानी र क्षतिपूर्ति

४३. ढुवानी गरिने मालसामानको विवरणपत्र पेश गर्नु पर्नेः (१) रेलबाट मालसामान ढुवानी गर्न चाहने प्रेषकले बोर्डद्वारा निर्धारित ढाँचामा विवरणपत्र भरी सम्बन्धित स्टेशन प्रमुखसमक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिको विवरणपत्र प्रेषकले स्पष्ट रुपमा भर्नु पर्नेछ र स्पष्ट रुपमा विवरणपत्र नभरेको कारणबाट उत्पन्न हुने परिणामप्रति बोर्ड जवाफदेही हुने छैन।

(३) उपदफा (१) बमोजिम विवरणपत्रमा उल्लेख गरेका मालसामान दुरुस्त भए वा नभएको सम्बन्धमा स्टेशन प्रमुखले प्रेषकको रोहवरमा तत्काल जाँचबुझ गर्नु, गराउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा कुनै मालसामान निषेधित हो वा होइन भन्ने विषयमा शंका उत्पन्न भएमा स्टेशन प्रमुखले त्यस्तो मालसामानको परीक्षण गर्नको लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ र त्यसरी परीक्षण गर्दा लागेको खर्च प्रेषकले व्यहोर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम परीक्षण गर्दा कुनै वस्तु निषेधित भएको प्रमाणित भएमा स्टेशन प्रमुखले सम्बन्धित व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सो वस्तु सहित सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

४४. ढुवानीको लागि मालसामान स्वीकार गर्नेः (१) मालसामानको आकार, तौल, प्रकृति वा तोकिएको अन्य कुनै कारणले ढुवानीमा विशेष कठिनाई उत्पन्न हुने अवस्थामा बाहेक स्टेशन प्रमुखले कुनै मालसामान ढुवानीको लागि स्वीकार गर्नेछ।

(२) उपदफा (१) बमोजिम ढुवानीको लागि मालसामान स्वीकार गरेपछि बोर्डद्वारा निर्धारित ढाँचामा रेल्वे रसिद दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको रेल्वे रसिदमा देहायका कुरा समेत उल्लेख गर्नु पर्नेछः-

(क) प्रेषकको पूरा नाम, थर, ठेगाना र सम्पर्क नम्वर,

(ख) मालसामानको विवरण,

(ग) मालसामानको तौल र तौल खुल्न नसकेमा अन्य जानकारी,

(घ) वागन लोड भन्दा घटी भएको मालसामानको हकमा प्याकेजको संख्या र प्याकिङ्गको विवरण,

(ङ) विवरणपत्रसँग संलग्न गरिएका कागजातको फिहरिस्त,

(च) गन्तव्य स्टेशनको नाम,

(छ) प्रापकको पूरा नाम, थर, ठेगाना र सम्पर्क नम्वर,

(ज) अन्य आवश्यक कुराहरु ।

(४) मालसामानको ढुवानीका लागि आवश्यकता अनुसार एउटै वा छुट्टाछुट्टै रेल्वे रसिद जारी गर्न सकिनेछ।

४५. <u>रेल्वे रसिदमा क्षतिको संकेत गर्नु पर्नेः</u> स्पष्ट रुपमा क्षतिग्रस्त देखिने मालसामान ढुवानीको लागि स्वीकार गर्दा त्यस्तो मालसामानको अवस्था रेल्वे रसिदमा उल्लेख गर्नु पर्नेछ।

४६. <u>वागनको एक्सल वजन निर्धारण गर्न सक्नेः</u> (१) बोर्डले वागनको अधिकतम एक्सल वजन निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित अधिकतम एक्सल वजन भन्दा बढी हुने गरी बोर्डले कुनैपनि मालसामान रेलमा राखी ढुवानी गर्नु हुँदैन।

४७. <u>मालसामानको मूल्य घोषणा गरी ढुवानी गर्न सकिनेः</u> (१) कुनै मालसामानको मूल्य रेल्वे रसिदमा घोषणा गरी ढुवानी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम मालसामानको मूल्य घोषणा गरी ढुवानी गराएको अवस्थामा सो बापतको ढुवानी शुल्क भाडा तथा शुल्क (ट्यारिफ) किताबमा उल्लेख भए बमोजिम हुनेछ।

४८. <u>ढुवानी तथा अन्य शुल्क बुझाउनु पर्नेः</u> (१) प्रेषकले मालसामान ढुवानी गरे बापत लाग्ने ढुवानी शुल्क बोर्डलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रेषकले बुझाउनु पर्ने ढुवानी शुल्क नबुझाई बाँकी रहेको अवस्थामा त्यस्तो ढुवानी शुल्क प्रापकले बुझाउनु पर्नेछ ।

(३) प्रापक जिम्मेवार हुनु पर्ने कारणबाट उत्पन्न विलम्ब शुल्क तथा गोदाम बापत वा कुनै मालसामान तौल गर्दा लाग्ने शुल्क प्रापकले बुझाउनु पर्नेछ ।

४९. <u>प्रेषक जिम्मेवार हुनेः</u> (१) बोर्डको कुनै कर्मचारीको गलत कार्य वा त्रुटीले बाहेक कुनै कागजात नभएको वा अपर्याप्त भएको कारणबाट हुन जाने हानि नोक्सानी प्रति प्रेषक स्वयं जिम्मेवार हुनेछ।

(२) कुनै मालासामान प्याकिङ्ग नगरिएको वा राम्रोसँग प्याकिङ्ग नगरिएको कारणबाट उत्पन्न हुने परिणामको लागि प्रेषक जिम्मेवार हुनेछ र सोको कारणबाट रल्वेमा कुनै हानी नोक्सानी हुन गएमा त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति समेत प्रेषकले व्यहोर्नु पर्नेछ।

५०. <u>मालसामानको हस्तान्तरणः</u> (१) गन्तव्य स्थानमा मालसामान पुगेपछि प्रापकले रेल्वे रसिद पेश गरी सम्बन्धित स्टेशनबाट मालसामान लिन सक्नेछ ।

तर प्रापकले रेल्वे रसिद पेश गर्न नसकेको अवस्थामा सम्बन्धित स्टेशन प्रमुखले निजको परिचयपत्र वा अन्य प्रमाणका आधारमा पनि मालसामान हस्तान्तरण गर्न सक्नेछ ।

(२) सम्बन्धित स्टेशन प्रमुखले मालसामानको हस्तान्तरण गर्दा प्रापकबाट मालसामान बुझेको भरपाई गराई निजबाट कुनै रकम प्राप्त गर्नु पर्ने भए सो समेत बुझिलिई मालसामान हस्तान्तरण गर्नेछ।

(३) उपदफा (१र (२)  मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रापकले आफ्नो मालसामान देहायको स्थानबाट बुझिलिनु पर्नेछः-

(क) बोर्डको सुपरीवेक्षणमा रहन नपर्ने अवस्थामा सम्बन्धित अधिकारीलाई कानून बमोजिम निजको स्थानमा वा गोदाममा बुझाएकोमा त्यस्तो स्थानबाट,

(ख) सुख्खा बन्दरगाह वा कन्टेनर फ्रेट स्टेशन भित्रको निजी वा सरकारी गोदाम वा निर्यात प्रशोधन क्षेत्र (एक्सपोर्ट प्रोसेसिङ जोन) जस्ता क्षेत्रमा बुझाएकोमा त्यस्तो स्थानबाट।

(४) गन्तव्य स्थानमा मालसामान आइपुगेको पैंतालीस दिन भित्र सो मालसामान बुझिलिन प्रापक नआएमा त्यस्तो मालसामानको स्वामित्व, हस्तान्तरण लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५१. <u>मालसामान बुझ्न इन्कार गर्न सक्नेः</u> कुनै मालसामान क्षति भएको कुरा शङ्का लागेमा प्रापकले त्यस्तो क्षतिको जाँच नगरेसम्म मालसामान बुझ्न इन्कार गर्न सक्नेछ ।

५२. <u>मालसामान सम्बन्धी दायित्वः</u> (१) रेल्वे रसिदमा उल्लिखित मालसामान पूरै वा आंशिक रुपमा हराएको, क्षति भएको वा हस्तान्तरण गर्नमा ढिलाई भएको सम्बन्धमा बोर्ड जिम्मेवार हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कारणबाट मालसामान हराएमा, क्षति भएमा वा हस्तान्तरणमा ढिलाई भएमा बोर्ड जिम्मेवार हुने छैनः-

(क) प्याकिङ्ग गर्नुपर्ने प्रकृतिका मालसामान प्याकिङ्ग नगरिएको वा राम्रोसँग प्याकिङ्ग नगरिएको,

(ख) दर्ता भए बमोजिमको मालसामान प्रेषकले लोड नगरेको वा प्रापकले अनलोड गरेको,

(ग) गलत वा अपूर्ण विवरणपत्र भरी मालसामान पठाएको,

(घ) प्रेषक वा प्रापकको अनुरोधमा खुल्ला वागनबाट मालसामान ढुवानी गराएको,

(ङ) मालसामानको खरावीबाट वा कुनै मालसामानको प्रकृतिबाटै (जस्तै भाँचिएर, बिग्रेर, कुहिएर, सुख्खा भएर वा खेर गएर) पूर्ण वा आंशिक रुपमा क्षति भएको,

(च) काबू बाहिरको परिस्थिति उत्पन्न भई बोर्डले त्यस्तो परिस्थितिबाट बचाउ गर्न नसकेको,

(छ) बोर्डको अनुमति विना जीवजन्तुको ढुवानी गरेको ।

(३) उपदफा (२) मा उल्लिखित कुनै कारणबाट मालसामान हराएको, क्षति भएको वा हस्तान्तरणमा ढिलाई भएको हो भन्ने कुरा प्रमाणित गर्ने भार बोर्डको हुनेछ ।

५३. मालसामान हराएको मानिने: मालसामान हस्तान्तरण गर्ने समय निर्धारण भएकोमा त्यसरी निर्धारित समय भुक्तान भएको पन्ध्र दिन र समय निर्धारण नभएकोमा रेल्वे रसिद जारी भएको मितिले तीस दिनभित्र मालसामान हस्तान्तरण नगरेमा मालसामान हराएको मानिनेछ ।

५४. मालसमान हस्तान्तरणमा ढिलाई भएको मानिने: देहायको समयभित्र प्रापकलाई मालसामान हस्तान्तरण गर्न नसकेमा मालसामान हस्तान्तरणमा ढिलाई भएको मानिनेछः-

(क) मालसामान बुझाउनुपर्ने समय निर्धारण भएकोमा त्यसरी निर्धारित समयभित्र,

(ख) खण्ड (क) बमोजिम समय निर्धारण नभएकोमा रेल्वे रसिद जारी भएको मितिले तीस दिनभित्र ।

५५. मालसामान हराएमा वा क्षति भएमा वा हस्तान्तरण गर्न ढिलाई भएमा सो वापतको क्षतिपूर्ति: मालसामान हराएमा वा क्षति भएमा वा हस्तान्तरण गर्न ढिलाई भएमा सो वापतको क्षतिपूर्ति सम्बन्धी व्यवस्था दफा ४० मा उल्लिखित यात्रीगुण्टा सम्बन्धमा भएको व्यवस्था बमोजिम हुनेछ।

५६. मालसामानको क्षतिपूर्तिको लागि निवेदन दिनु पर्ने: (१) यस परिच्छेद बमोजिम क्षतिपूर्ति माग गर्न चाहने प्रेषक वा प्रापकले त्यस्तो मालसामान ढुवानीका लागि स्टेशन प्रमुखलाई जिम्मा लगाएको मितिले पैतालीस दिनभित्र देहायको कुनै स्थान मार्फत रेल्वे प्रशासक समक्ष निवेदन दिनु पर्नेछः-

(क) ढुवानीको लागि मालसामान जिम्मा लगाइएको रेल्वे स्टेशन,

(ख) मालसामान पुग्नु पर्ने रेल्वे स्टेशन ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएको मितिले पैतीस दिनभित्र रेल्वे प्रशासकले निर्णय गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम रेल्वे प्रशासकले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको सूचना पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-१०

## दुर्घटनाको जाँच तथा दायित्व

५७. रेल दुर्घटनाको सूचना दिनु पर्ने: (१) रेल सञ्चालनको सिलसिलामा दुर्घटना भई कसैको मृत्यु भएमा, चोटपटक लागेमा, कुनै सम्पत्तिको क्षति भएमा वा रेल क्षतिग्रस्त भएमा रेल्वे कर्मचारीले त्यस्तो दुर्घटना भएको स्थानबाट सबैभन्दा नजिकको स्टेशन प्रमुख तथा रेल्वे सुरक्षा कार्यालयमा र स्टेशन प्रमुख तथा रेल्वे सुरक्षा कार्यालयले रेल्वे प्रशासक तथा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा वा नजिकको प्रहरी कार्यालयमा तुरुन्तै सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएपछि रेल्वे प्रशासक तथा जिल्ला प्रशासन कार्यालयले सो दुर्घटनाको बारेमा तुरुन्त मन्त्रालयलाई सूचना दिनु पर्नेछ।

५८. <u>नेपाल सरकारले जाँचबुझ गर्न वा गराउन सक्नेः</u> रेल दुर्घटनाका सम्बन्धमा सूचना प्राप्त भएपछि दुर्घटनाको गाम्भिर्यतालाई दृष्टिगत गरी नेपाल सरकारले प्रचलित कानून बमोजिम त्यस्तो दुर्घटनाको जाँचबुझ गर्न वा गराउन सक्नेछ ।

५९. <u>बोर्ड आफैले जाँचबुझ गर्न वा गराउन सक्नेः</u> दफा ५८ मा जुनसुकै कुरा लेखिएको भए तापनि रेल्वे सञ्चालनको सिलसिलामा भएको सामान्य दुर्घटनाका सम्बन्धमा बोर्ड आफैले त्यस्तो दुर्घटनाको जाँचबुझ गर्न वा गराउन सक्नेछ ।

६०. <u>उपचार खर्च, क्षतिपूर्ति वा किरिया खर्च उपलब्ध गराउनु पर्नेः</u> (१) रेल दुर्घटनाबाट कुनै व्यक्तिलाई कुनै किसिमको हानि वा नोक्सानी पुग्न गएमा बोर्डले निज वा निजको मृत्यु भएकोमा मृतकको नजिकको हकवालालाई देहाय बमोजिमको रकम उपचार खर्च, क्षतिपूर्ति वा किरिया खर्च बापत उपलब्ध गराउनु पर्नेछः-

(क) कुनै व्यक्तिलाई चोटपटक लागेकोमा चोटपटकको स्थिति विचार गरी औषधिउपचार खर्च बापत एकलाख रुपैयाँसम्म,

(ख) कुनै व्यक्तिको अङ्गभङ्ग भएकोमा निको नभई काम नलाग्ने भएमा सो अङ्गभङ्ग बापत प्रत्येक अङ्गको दुईलाख पचास हजार रुपैयाँ र त्यस्तो अङ्ग काम लाग्ने भए घाउ खर्च बापत एकलाख पचास हजार रुपैयाँसम्म,

(ग) कुनै व्यक्तिको मृत्यु भएकोमा किरिया खर्च बापत दुई लाख रुपैयाँ र क्षतिपूर्ति बापत पाँचलाख रुपैयाँसम्म,

(घ) दुर्घटनाबाट कुनै व्यक्तिको सम्पत्ति हानि नोक्सानी भएमा त्यस्तो हानि नोक्सानी भए बापत पाँच लाख रुपैयाँसम्म ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै कारणबाट यात्रीको मृत्यु वा अङ्गभङ्ग भएमा वा यात्री घाइते भएमा त्यस्तो क्षतिपूर्ति बापत कुनै रकम दिइनेछैनः-

(क) यात्रीले आत्महत्या गरेमा वा आत्महत्या गर्ने प्रयास गरेमा,

(ख) यात्रीको आफ्नै गल्ती वा हेलचेक्राइको कारणले,

(ग) यात्रीको कुनै आपराधिक कार्यबाट,

(घ) यात्रीले मादक पदार्थ वा लागू औषध सेवन गरी वा बेहोस भई गरेको कुनै कारणबाट,

(ङ) कुनै यात्रीको प्राकृतिक कारण वा कुनै रोग वा अन्य कुनै औषधोपचारको कारणबाट।

(३) यस दफा बमोजिम बोर्डले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको सूचना पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-११

## रेल्वे प्रशासक तथा कर्मचारी सम्बन्धी

६१. रेल्वे प्रशासकको नियुक्तिः (१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा काम गर्न नेपाल सरकारले एकजना रेल्वे प्रशासकको नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम रेल्वे प्रशासकको पदमा नियुक्त हुन देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः-

(क) मान्यताप्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) सडक वा रेल्वे यातायातको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको,

(ग) पैंतीस वर्ष उमेर पूरा भएको ।

(३) उपदफा (१) बमोजिम रेल्वे प्रशासकको नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले संघीय निजामती सेवा अन्तर्गतको नेपाल इन्जिनियरिङ्ग सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई रेल्वे प्रशासकको काम गर्ने गरी तोक्न सक्नेछ।

(४) रेल्वे प्रशासकको पदावधि बढीमा चार वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि रेल्वे प्रशासकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, बोर्डको हित विपरीत कुनै काम कारवाही गरेमा, निज कुनै खराब आचरणमा लागेमा वा निजमा कार्यक्षमताको अभाव भएमा नेपाल सरकारले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी जुनसुकै बखत रेल्वे प्रशासकको पदबाट हटाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम निजलाई पदबाट हटाउनु अघि सफाई पेशगर्ने मनासिव मौका दिनु पर्नेछ।

(७) रेल्वे प्रशासकको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछन्।

६२. रेल्वे प्रशासकको पदमा नियुक्तिको लागि अयोग्यता: देहायको कुनै व्यक्ति रेल्वे प्रशासकको पदमा नियुक्ति हुन योग्य हुने छैन :-

(क) गैर नेपाली नागरिक,

(ख) साठी वर्ष उमेर पूरा भएको,

(ग) बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकी कालो सूचीमा परेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथाओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिनेअन्य फौजदारी कसूरमा सजाय पाई वा

कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ङ) मानसिक सन्तुलन ठीक नभएको,

(च) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(छ) कुनै लाभको पदधारण गरेको।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा सुविधा पाउने पद सम्झनु पर्छ ।

६३. रेल्वे प्रशासकको काम, कर्तव्य र अधिकारः रेल्वे प्रशासकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्ड तथा कार्यकारी समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने गराउने,

(ख) बोर्डको बजेट, अल्पकालीन तथा दीर्घकालीन योजना र वार्षिक कार्यक्रम तयार गरी कार्यकारी समिति समक्ष पेश गर्ने,

(ग) बोर्डको स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(घ) बोर्डको लागि आवश्यक कर्मचारी नियुक्तिको लागि सिफारिस गर्ने,

(ङ) बोर्ड तथा कार्यकारी समितिबाट स्वीकृत हुनुपर्ने प्रस्ताव तयार गरी पेश गर्ने,

(च) बोर्ड अन्तर्गत सञ्चालित योजना तथा कार्यक्रमको कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

(छ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

६४. कर्मचारी सम्बन्धीः (१) बोर्डमा आवश्यक संख्यामा कर्मचारी रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु विनियममा तोके बमोजिम हुनेछ।

(३) बोर्डले यस दफा बमोजिम कर्मचारीको नियुक्ति नगरेसम्मको लागि बोर्डको अनुरोधमा मन्त्रालयले आवश्यक संख्यामा कर्मचारी बोर्डमा काम गर्ने गरी काजमा खटाउन सक्नेछ ।

(४) बोर्डको संगठन संरचनाको स्वीकृति मन्त्रालयको सिफारिसमा नेपाल सरकारले गर्नेछ।

## परिच्छेद-१२

## बोर्डको कोष र लेखापरीक्षण

६५. बोर्डको कोषः (१) बोर्डको आफ्नो एउटा छुटै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम,

(ग) यात्री भाडा वा ढुवानी शुल्कबाट प्राप्त रकम,

(घ) बोर्डको जग्गा लिज वा भाडामा दिए बापत प्राप्त रकम,

(ङ) बोर्डले आर्जन गरेको अन्य रकम।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि बोर्डले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) बोर्डको सम्पूर्ण खर्च उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषमा रहने रकम बोर्डले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित "क" वर्गको कुनै बाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(६) बोर्डको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

६६. <u>लेखा र लेखापरीक्षण:</u> (१) बोर्डको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) बोर्डले तोकिए बमोजिम आय व्ययको आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण गर्नु, गराउनु पर्नेछ।

(३) बोर्डको आयव्ययको अन्तिम लेखापरीक्षण महा लेखापरीक्षकबाट हुनेछ।

(४) मन्त्रालयले चाहेमा बोर्डको आय व्ययको लेखा तथा सोसँग सम्बन्धित कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

## परिच्छेद-१३

## <u>कसूर तथा सजाय</u>

६७. <u>आगजानी गर्न वा भय त्रास देखाउन नहुने:</u> (१) कसैले रेल्वे वा रेलमा आगो लगाउन वा विष्फोटक पदार्थ ओछ्याउन, राख्न वा कुनै प्रज्वलनशील पदार्थ वा विद्युतीय धराप (एम्बुस) बनाई आवागमनमा वा सार्वजनिक उपयोगका अन्य कुनै कुराको प्रयोगमा अवरोध पुऱ्याउन वा रेल्वेको सञ्चालनमा कुनै किसिमको डर, त्रास, भय देखाई बन्द गर्न वा कुनै किसिमबाट रेल्वे अवरुद्ध गरी वा गराई यात्रीको आवागमनमा बाधा पुऱ्याउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई त्यस्तो कार्यबाट कसैको मृत्यु भएकोमा प्रचलित कानून बमोजिम ज्यान मारे सरह सजाय र ज्यान नमरेको भएदश वर्षसम्म कैद र दुई लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

६८. <u>रेल्वे कब्जा गर्न नहुने:</u> (१) कसैले रेल्वे वा रेल कब्जा गरी वा प्रयोग हुन नदिई वा अन्य कुनै किसिमले हानि, नोक्सानी पुऱ्याउने कार्य गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दश वर्षसम्म कैद र दुईलाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

६९. रेल्वे सेवालाई क्षति पुऱ्याउन नहुने: (१) कसैले रेल दुर्घटना हुन सक्ने गरी रेल्वे वा रेलमा कुनै वस्तु फ्याक्ने, रेलको लिकमा ढुँगा, काठ वा अरु कुनै वस्तु राख्ने, रेलको लिक वा सो सम्बन्धी किला, काँटा, स्लिपर आदि झिक्ने, ज्वाइन्टहरु खुकुलो पार्ने वा अरु कलपूर्जा चलाउने, हेरफेर गर्ने वा बन्द गर्ने कार्य गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई सात वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

७०. बत्ती झिक्न तथा निसाना बदल्न नहुने: (१) कसैले रेल्वे वा रेलको कुनै निशाना वा बत्ती लुकाउने, चलाउने, झिक्ने, फरक गरी देखाउने, बदल्ने, मेट्ने, हटाउने, खुर्किने जस्ता रेल दुर्घटना हुने कुनै कार्य गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई सात बर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

७१. सूचना संयन्त्र प्रयोग गर्न नहुने: (१) बोर्डको अधिकारप्राप्त व्यक्ति बाहेक कसैले अत्यावश्यक कारण नभई रेल्वेको प्रयोजनको लागि जडान गरिएका कुनै सञ्चार उपकरणको प्रयोग वा हस्तक्षेप गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

७२. झगडा,गाली गलौज गर्न नहुने: (१) कसैले रेल्वेका कर्मचारी वा यात्रुसँग झगडा गर्न, रेलभित्र होहल्ला गर्न वा कसैलाई गाली गलौज गर्न वा अश्लील वा अपमानजनक शब्द प्रयोग गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद र पचासहजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

७३. बाधा अवरोध गर्न नहुने: (१) कसैले रेल्वेका कर्मचारीलाई आफ्नो पदीय कर्तव्य पालना गर्न रोक्ने वा बाधा अवरोध सिर्जना गर्ने कार्य गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद र पचासहजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

७४. अनुमतिपत्र नलिई रेल चलाउन नहुने: (१) कसैले रेल चालक वा सहचालकको अनुमतिपत्र नलिई रेल चलाउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

७५. अन्य व्यक्तिलाई अनुमतिपत्र दिन नहुने: (१) कसैले रेल चलाउनको लागि अन्य व्यक्तिलाई आफुले प्राप्त गरेको रेल चालक वा सहचालकको अनुमतिपत्र दिन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

७६. मादक वा अन्य लागू पदार्थ सेवन गरी रेल चलाउन नहुने: (१) कसैले मादक वा अन्य लागू पदार्थ सेवन गरी रेल चलाउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक बर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

७७. अनधिकृत रुपमा टिकट बिक्री गर्न वा अधिकारपत्र वितरण गर्न नहुने: (१) कसैले बोर्डको अनुमति बेगर टिकट बिक्री वा अधिकारपत्र वितरण गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

७८. अधिकारपत्र वा टिकट सच्याउन नहुने: (१) कसैले रेलमा यात्रा गर्ने, गराउने प्रयोजनको लागि अधिकारपत्र वा टिकटको अंक, अक्षर, मिति वा व्यहोरा सच्याउने कार्य गर्न,गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

७९. झुठो मागदावी गर्न वा झुठो विवरण दिन नहुने: (१) कसैले यात्रीगुण्टा वा मालसामान हराएको, नासिएको, नोक्सानी भएको वा फिर्ता नभएको भनी बोर्ड समक्ष झुठो मागदावी गर्न वा सोको लागि झुठो विवरण दिन वा दिन लगाउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

८०. निषेधित स्थानमा बसी यात्रा गर्न नहुने: (१) कसैले बोर्डबाट निषेधित स्थानमा बसी यात्रा गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

८१. यात्रीलाई झञ्झट दिन नहुने: (१) कसैले रेलभित्र पसी यात्रीलाई अनावश्यक झञ्झट दिन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई बीस हजार रुपैयाँसम्म जरिबाना हुँनेछ ।

८२. सार्वजनिक सूचना च्यात्न, उप्काउन नहुने: (१) बोर्डको कर्मचारी वा अधिकारप्राप्त व्यक्ति बाहेक कसैले रेल्वे सञ्चालनको लागि जारी गरिएका सार्वजनिक सूचना उप्काउने, च्यात्ने वा व्यहोरा केरमेट गर्ने वा सच्याउने कार्य गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

८३. रेलमा फोहोर फ्याक्न नहुने: (१) कसैले रेल्वे वा रेलमा धुलो वा फोहोर वा यात्रीमाथि फोहोर वा अन्य कुनै वस्तु फाल्ने कार्य गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पचासहजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

८४. रेल्वेको कर्मचारीलाई सजायः (१) रेल्वेको कर्मचारीले देहायको कुनै कार्य गर्न, गराउन हुँदैनः

(क) गुडिरहेको रेल विना कारण रोक्ने वा रेल चलाउन अटेर गर्ने वा रेल चलाउन नदिन अवरोध सिर्जना गर्ने,

(ख) लापरबाही वा हेलचेत्र्याई गरी यात्री वा रेल्वेको कुनै सम्पत्तिमा हानि नोक्सानी पुऱ्याउने,

(ग) रेल्वेको तर्फबाट दिनुपर्ने कुनै कागजात वा विवरण झुठा बनाई दिने,

(घ) कार्यालय समयमा मादक पदार्थ सेवन गर्ने ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने रेल्वेको कर्मचारीलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर गरेमापाँच वर्षसम्म कैद र दुई लाख रुपैंयाँसम्म जरिबाना,

(ख) खण्ड (ख) बमोजिमको कसूर गरेमाबिगो खुलेको हकमा बिगो असुल गरी बिगो बमोजिम जरिबानार पाँच वर्षसम्म कैद, बिगो नखुलेको हकमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयाँसम्म जरिबाना,

(ग) खण्ड (ग) बमोजिमको कसूर गरेमाछ महिनासम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना,

(घ) खण्ड (ग) बमोजिमको कसूर गरेमा पचासहजार रुपैयाँसम्म जरिबाना।

(३) रेल्वेको कर्मचारीले उपदफा (१) मा उल्लिखित कसूर बाहेक यस परिच्छेद बमोजिमको कसूर मानिने कुनै कार्य गरेमा त्यस्तो कर्मचारीलाई यस परिच्छेद बमोजिम हुने सजायमा बीस प्रतिशत थप सजाय हुनेछ ।

८५. रेल्वेको सम्पत्ति हानि वा नोक्सानी पुऱ्याउनेलाई थप सजाय : कसैले रेल्वेको सम्पत्ति चोरी गरेमा, विगारेमा वा अन्य कुनै प्रकारले हानि वा नोक्सानी पुऱ्याएमा प्रचलित कानून बमोजिम हुने सजायमा पाँच वर्षसम्म थप कैद र पचास हजार रुपैयाँसम्म थप जरिबाना हुनेछ।

८६. अन्य सजायः यो ऐनमा अन्यन्त्र लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

८७. उद्योग गर्ने वा मतियारलाई सजाय : यस परिच्छेद बमोजिमको कसूरको उद्योग गर्ने वा सो कसूरको मतियारलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

८८. <u>विगो भराई दिनु पर्ने :</u> यस परिच्छेद बमोजिमको कुनै कसूर गर्दा त्यस्तो कसूरबाट रेल्वे, यात्रु वा अन्य कुनैं व्यक्तिको सम्पत्तिमा हानि नोक्सानी भएकोमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो हानि नोक्सानीको विगो सम्बन्धित कसूरदारबाट भराई दिनु पर्नेछ।

८९. <u>सजाय नहुने:</u> यस ऐन बमोजिम कसूर हुने अवस्थामा बाहेक अन्य अवस्थामा रेल चालक वा सहचालकको काबू बाहिरको परिस्थितिबाट दुर्घटना भई हानी नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो रेल चालक वा सहचालकलाई कुनै सजाय हुने छैन।

९०. <u>तत्काल नियन्त्रणमा लिन सक्ने:</u> (१) यस परिच्छेद बमोजिमको कसूर गर्ने व्यक्तिलाई अधिकारप्राप्त अधिकारी वा रेल्वेको कर्मचारीले तत्काल नियन्त्रणमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही गर्न अधिकार प्राप्त अधिकारी वा रेल्वे कर्मचारीले सम्बन्धित अधिकारी वा कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बुझाइएको व्यक्ति उपर सम्बन्धित अधिकारी वा कार्यालयले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही शुरु गर्नु पर्नेछ ।

९१. <u>मुद्दा हेर्ने अधिकारी :</u> (१) दफा ६७, ६८, ६९, ७०, ८४ को उपदफा (१) को खण्ड (क) र(ख) र ८५ अन्तर्गतका मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

(२) दफा ७१, ७२, ७३, ७४, ७५, ७६, ८४ को उपदफा (१) को खण्ड (ग) र दफा ८६ अन्तर्गतका मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(३) दफा ७७, ७८, ७९, ८०, ८१, ८२, ८३ र दफा ८४ को उपदफा (१) को खण्ड (घ) अन्तर्गतका मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार रेल्वे प्रशासकलाई हुनेछ ।

९२. <u>अनुसन्धान अधिकारी:</u> दफा दफा ९१ को उपदफा (३) अन्तर्गतको कसूरको अनुसन्धान र तहकिकात नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीले गर्नेछ।

९३. <u>पुनरावेदन:</u> दफा ९१ को उपदफा (२) र (३) बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको सूचना पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

९४. <u>नेपाल सरकारवादी हुने:</u> दफा ९१ को उपदफा (१) र (२) अन्तर्गतका मुद्दा नेपाल सरकारवादी भई चल्नेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

९५. <u>हदम्याद:</u> (१) दफा ६७ अन्तर्गतको कसूरमा जहिले सुकै पनि उजूर लाग्नेछ।

(२) दफा ६८, ६९, ७०, ८४ को उपदफा (१) को खण्ड (क) र (ख) र ८५ अन्तर्गतको कसूरमा त्यस्तो कसूर भएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन।

(३) उपदफा (१) र (२) अन्तर्गतका कसूर बाहेक अन्य कसूरमा त्यस्तो कसूर भएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन।

## परिच्छेद-१४

## विविध

९६. करारमा लिन सकिने: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको योग्यता पुगेका नेपाली नागरिकबाट रेल चालक तथा सहचालकको पदमा पदपूर्ति हुन नसकेमा बोर्डले योग्यता पुगेका विदेशी नागरिकलाई प्रचलित कानून बमोजिम तोकिए बमोजिमको अवधि सम्मको लागि करारमा नियुक्ति गरी काममा लगाउन सक्नेछ ।

९७. संयुक्त लगानीमा रेल्वे सञ्चालन गर्न सक्ने: बोर्डले नेपाल सरकारको पूर्व स्वीकृति लिई स्वदेशी वा विदेशी लगानी कर्तासँगको संयुक्त लगानीमा रेल्वे निर्माण वा विस्तार गर्न वा रेल्वे सेवा सञ्चालन गर्न सक्नेछ।

९८. रेल्वेको निर्माण, मर्मत, सञ्चालन वा व्यवस्थापनको जिम्मा दिन सक्ने: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले नेपाल सरकारको पूर्व स्वीकृति लिई रेल्वेको निर्माण, मर्मत, सञ्चालन वा व्यवस्थापन सम्बन्धी कुनै वा सबै काम निजी क्षेत्रको कुनै संस्थाद्वारा गराउन आवश्यक देखेमा प्रचलित कानून बमोजिम त्यस्तो संस्थासँग सम्झौता गरी सो काम त्यस संस्थालाई जिम्मा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम काम गर्न दिँदा सो कामसँग सम्बन्धित बोर्डको हक भोग, स्वामित्व वा जिम्मामा रहेको कुनै संरचना, उपकरण तथा सम्पत्ति त्यस्तो संस्थाले प्रयोग गर्न पाउने गरी दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सम्झौता गर्दा बोर्डको हक, भोग, स्वामित्व वा जिम्मामा रहेको संरचना, उपकरण तथा सम्पत्तिको प्रयोग सम्बन्धी व्यवस्था, सम्झौता कायम रहने अवधि, सम्झौता गर्ने पक्षले पाउने प्रतिफल र तत्सम्बन्धी अन्य कुराहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम सम्झौता गर्ने संस्थाले सम्झौताको अवधि समाप्त भएपछि आफूले प्रयोग गरेको बोर्डको हक, भोग, स्वामित्व वा जिम्मामा रहेको कुनै संरचना, उपकरण तथा सम्पत्ति सम्झौतामा तोकिएको शर्त बमोजिम बोर्डलाई फिर्ता गर्नु पर्नेछ ।

(५) रेल्वेको निर्माण, मर्मत, सञ्चालन र व्यवस्थापन सम्बन्धी अन्य कुरा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

९९. क्षमता भन्दा बढी राख्न नहुने: रेलको क्षमता भन्दा बढी यात्री तथा मालसामान राखी रेल चलाउनु हुँदैन ।

१००. <u>सिट सुरक्षित राख्नु पर्ने:</u> बोर्डले तोकिए बमोजिमका उमेरका जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, महिला तथा अशक्त व्यक्तिको लागि तोकिए बमोजिमको सिट सुरक्षित राख्नु पर्नेछ ।

१०१. <u>स्वचालित प्रविधिद्वारा रेल्वे सञ्चालन गर्न सक्ने:</u> बोर्डले रेल चालक तथा सहचालक बिना कम्प्युटरकृत वा स्वचालित प्रविधिको माध्यमबाट तोकिए बमोजिम रेल्वे सेवा सञ्चालन गर्न वा गराउन सक्नेछ ।

१०२. <u>वातावरण मैत्री हुनु पर्ने:</u> बोर्डले वातावरण मैत्री तवरले तोकिएको मापदण्ड पूरा गरी रेल्वे तथा रेल्वे सेवा सञ्चालन गर्नु पर्नेछ ।

१०३. <u>सहयोग उपलब्ध गराउनु पर्ने:</u> यस ऐनको कार्यान्वयन गर्न र रेल्वे तथा रेल्वे सेवा सुचारू रूपले सञ्चालन गर्नको लागि बोर्डले सुरक्षा प्रबन्ध लगायतका अन्य विषयमा सहयोग माग गरेमा नेपाल सरकार वा सम्बद्ध निकायले त्यस्तो सहयोग उपलब्ध गराउनु पर्नेछ ।

१०४. <u>जग्गा प्राप्त गराइ दिने:</u> रेल्वेको लागि आवश्यक पर्ने जग्गा कसैको निजी भोगचलनमा रहेको भए त्यस बापतको क्षतिपूर्ति बोर्डले व्यहोर्ने गरी नेपाल सरकारले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा बोर्डलाई उपलब्ध गराई दिन सक्नेछ ।

१०५. <u>बीमा गराउनु पर्ने:</u> बोर्डले रेल, चालक, सहचालक, यात्री, यात्रीगुण्टा, मालसामान, रेल्वेका कर्मचारी लगायत तेस्रो पक्षको तोकिए बमोजिम बीमा गराउनु पर्नेछ ।

१०६. <u>अधिकार प्रत्यायोजन:</u> (१) बोर्डले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार बोर्डको अध्यक्ष, सदस्य तथा कार्यकारी समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी समितिको अध्यक्ष, सदस्य तथा रेल्वे प्रशासक वा दफा १३ बमोजिमको उपसमिति वा बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) रेल्वे प्रशासकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१०७. <u>वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने:</u> बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र देहायका कुराहरु खुलाई मन्त्रालय समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) आफूले वर्षभरी सम्पादन गरेको कामको विवरण र सोको लागि भएको खर्च,

(ख) बोर्डको आगामी वर्षको कार्ययोजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा सोको स्रोत,

(ग) बोर्डको आम्दानी र खर्चको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।

१०८. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिमहुनेछ ।

१०९. नेपाल सरकारसँग सम्पर्कः बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

११०. नियम बनाउने अधिकारः नेपाल सरकारले यस ऐनको कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्नेछ ।

१११. विनियम बनाउने अधिकारः (१) बोर्डले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही आवश्यक विनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक व्ययभार पर्ने विषयमा विनियम बनाउँदा बोर्डले मन्त्रालय मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।